सम्पर्क नं. :- ०७९-५२०२२७
Email :- vethosgulmi@gmail.com
Website :- gulmi.vethos.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

गुल्मी

प.सं. : ०८१/०८२
च.नं. :

## प्रस्ताव आह्वानको सूचना

सूचना नं.२०८१/८२-०२

प्रथम पटक सूचना प्रकाशन मिती २०८१/०८/०६

आ. व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८१/०८/२६ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, यस कार्यालयको सूचनापाटी/वेवसाईट gulmi.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७९-५२०२२७ मा वा सूचना अधिकारीको (सम्पर्क नं.९८५७०७४२२७) सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र.स. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रू. | स्वीकृत बजेट रु |
|---|---|---|---|---|---|
| १ | दुध उत्पादन | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने<br>• प्रति समूह/सहकारी/कम्पनीले मासिक औषत कम्तीमा ३००० लिटर उत्पादन तथा विक्री गरेको हुनु पर्ने<br>• निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा विक्री गरेको हुनु पर्ने। | • आवेदकको नागरिकताको प्रतिलिपि<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन<br>• सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख<br>• स्थायी लेखा नं., करचुक्ता कागजात<br>• दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं.। | प्रति लिटर अधिकतम रु. २/- (कृषकलाई बैंक मार्फत भुक्तानी हुने) | १५ लाख |

२०८१/०८/०६
हुमकान्त पाण्डेय
वरिष्ठ पशु विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | माछा,मासु ,अण्डा (बाख्रा /भेडा/ बगुंर/ रागां/ माछा) उत्पादन | • गत आ.व. को उत्पादन गरेको बाख्रा, भेडा, बगुंर, अण्डा, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ रौंगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा रौंगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी बोका ५० वा रौंगा २० वा बंगुर २५ गोटा प्रति वर्ष बिक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा १ मे.ट प्रति वर्ष बिक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाणपत्र।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैंक खाता नं.। | प्रति कि.ग्रा. अधिकतम जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले, जिउँदो रांगाको हकमा रु. १५ का दरले, जिउँदो बगुंरको हकमा रु. १५ का दरले, माछाको हकमा रु. १५ का दरले, अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले। (कृषकलाई बैंक मार्फत भुक्तानी हुने) | |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची ३४ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. गत वर्षको लेखा परिक्षण प्रतिवेदन।
९. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

नोटः आवेदकले आवेदन पेश गर्दा सिलबन्दी खाममा राखी पेश गर्नुपर्नेछ। स्थानिय तहबाट प्रतिफलमा आधारित अनुदान लिएका समुह/समिति/सहकारी/फार्म/कम्पनी उद्यमीहरुलाई यस कार्यक्रममा सहभागि गराईने छैन। साथै सूचनाहरुमा आवश्यक बुदाहरु छुटहुन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी २०८१ बमोजिम गरिने व्यहोरा अनुरोध छ।

२०८१/८/६
हुमनाथ पाण्डेय
वरिष्ठ पशु विकास अधिकृत

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तम्घास, गुल्मी

CamScanner